# खुम्बु पासाङल्हामु गाउँपालिकाका
# सोलुखुम्बु जिल्ला
# प्रदेश नं.१
# नेपाल

## स्थानीय सरकारबाट प्रकाशित
## खुम्बु पासाङल्हामु गाउँपालिका राजपत्र

## खुम्बु पासाङल्हामु गाउँपालिका स्तरीय ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९

**पारित मितिः** २०७९/०४/०७ **राजपत्रमा प्रकिशत मितिः** २०७९//

**प्रस्तावना:** भलिबल नेपालको राष्ट्रिय खेल हो । नेपालको संविधान, विद्यमान खेलकूद नीति तथा खेलकूद विकास ऐन एवं नियमावलीको मर्म र भावना अनुरुप खेलकूदको समुचित विकास तथा विस्तारका लागि प्रारम्भिक आधारको रुपमा रहेका संस्थाहरुलाई केन्द्रविन्दु बनाई भलिबल खेलकूद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने, राष्ट्र निर्माण एवं विकासमा खेलाडीहरुको भूमिकालाई सबल, सक्षम एवं प्रभावकारी बनाउन स्थानीय खेलकूद प्रतियोगिताहरुमा सहभागी गराई उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराई राष्ट्रको छवी उच्च बनाउन योगदान पुर्‌याउन सक्ने खेलाडी तयार गर्ने एवं सङ्घीय प्रणाली अनुरुप गाउँपालिका अन्तर्गतका संस्थाहरुको सहभागितामा सञ्चालन हुने खेलकूदका प्रतियोगिताहरुलाई अनुशासित, मर्यादित र व्यवस्थित रुपले सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा खुम्बु पासाङल्हामु गाउँपालिकाको खेलकूद विकास ऐन, २०७६ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९ पारित गरी जारी गरिएको छ ।

### परिच्छेद -१
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "जिल्ला खेलकूद विकास समिति" भन्नाले सोलुखुम्बु जिल्ला खेलकूद विकास समितिलाई सम्झनुपर्छ ।

(घ) "गोल्ड कप" भन्नाले ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको प्रथम कपलाई सम्झनुपर्छ ।

(ङ) "प्रतियोगिता" भन्नाले डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगितालाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप व्यवस्थापन तथा निर्देशन समितिलाई सम्झनुपर्छ।

(छ) "आयोजक संस्था भन्नाले" प्रतियोगिता सञ्चालन गर्नको लागि जिम्मेवारी प्राप्त गरेको युवा समूह वा संस्थालाई सम्झनु पर्छ ।

(ज) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ र खेलकूद विकास ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(झ) "कार्यविधि" भन्नाले डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९ सम्झनुपर्छ ।

(ञ) "मस्कट" भन्नाले प्रत्येक वर्ष आयोजना गरिने डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको लागि गाउँपालिका स्तरीय डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यापालिकाले घोषणा गर्ने प्रतिक वा चिन्हलाई जनाउँछ ।

(ट) "लोगो" भन्नाले परिषद्को सिफारिसमा मन्त्रालयबाट स्वीकृत गरी लागू गरिएको डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको लोगो वा चिन्हलाई जनाउँछ।

## परिच्छेद–२
## प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन

### ३. व्यवस्थापन तथा निर्देशन समिति रहने:

(१) खुम्बु पासाङल्हामु गाउँपालिका स्तरीय डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन गर्न देहायका सदस्यहरु रहेको गाउँपालिका स्तरीय डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप व्यवस्थापन तथा निर्देशन समिति रहनेछ:

(क) गाउँपालिकाको अध्यक्ष – संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक – सदस्य

(ङ) प्रतियोगिता सञ्चालन हुने स्थानको वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्य – सदस्य

(ज) आयोजक संस्थाको अध्यक्ष वा प्रमुख – सदस्य

(ञ) लाईसेन्स प्राप्त स्थानीय भलिबल रेफ्रीहरु मध्येबाट संयोजकले छनौट गरेको २ जना – सदस्य

(ठ) गाउँपालिकाको शिक्षा तथा खेलकूद शाखा प्रमुख – सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिका स्तरीय डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप व्यवस्थापन तथा अनुगमन गर्ने ।

(ख) गाउँपालिका स्तरीय डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप आयोजनाका लागि आवश्यक पूर्वाधार विकास र व्यवस्था गर्ने ।

(ग) प्रत्येक वर्ष फरक फरक वडा हुने गरी गाउँपालिका स्तरीय डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन गर्न कुनै एक वडा छनौट गर्ने र उक्त वडा भित्रका संघ संस्था मध्ये बाट कुनै एक योग्यता पुगेको संस्थालाई आयोजक संस्था छनौट गरी जिम्मेवारी प्रदान गर्ने ।

(घ) गाउँपालिका भित्रका संस्थाहहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने ।

(ङ) डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप आयोजना सम्बन्धमा गाउँपालिका स्तरीय आयोजक संस्थालाई आवश्यक निर्देशन दिने तथा सो आयोजना सम्बन्धमा विवाद उत्पन्न भएको अवस्थामा विवाद समाधान गर्ने ।

(च) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

(ज) डिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको लागि गाउँपालिकाबाट विनियोजन हुने रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने ।

(झ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने ।

(ञ) गाउँपालिका स्तरीय प्रतियोगिताबाट उत्कृष्ट दश खेलाडी छनौट गरी गाउँपालिकाको भलिबल टिमको रुपमा माथिल्लो तहको प्रतियोगितामा सहभागी गराउनको लागि गाउँपालिका र जिल्ला खेलकूद विकास समितिमा सिफारिस गर्ने र जिल्ला स्तरीय प्रतियोगिताहरुमा सहभागी गराउने ।

(ट) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गरी परिचालन गर्ने ।

(ठ) कार्यविधिको अधिनमा रही प्रतियोगिता सम्बन्धी आवश्यक नियम बनाई लागू गर्ने ।

**४. आयोजक संस्था सम्बन्धी व्यवस्था:**

(१) ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन गर्ने प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक आयोजक संस्था हुनेछ । आयोजक संस्थाको योग्यता देहाय बमोजिम हुनेछ:

(क) प्रतियोगिता सञ्चालन हुने वडाको कुनै क्षेत्रलाई कार्यक्षेत्र बनाई खेलकूदको गतिविधि सञ्चालन गर्ने उद्देश्यले काम गरिरहेको संस्था हुनुपर्नेछ ।

(ख) गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भई गाउँपालिकामा सुचिकृत भएको संस्था हुनुपर्नेछ ।

(ग) वार्षिक रुपमा नियमानुसार लेखापरीक्षण र नवीकरण भएको संस्था हुनुपर्नेछ ।

(घ) गाउँपालिकाबाट कुनैपनि किसिमको पेश्की रकम लिई पेश्की फछ्र्यौट नगरेको वा बेरुजु रकम फिर्ता नगरेको, कुनै पनि सरकारी संस्थाको बक्यौता रकम नतिरेको, कर चुक्ता नगरेको संस्था नभएको हुनुपर्नेछ तर प्रतियोगिता सञ्चालन गर्नको लागि हालसालै लिएको पेश्की रकमको हकमा यो नियम लागू हुने छैन ।

(ङ) कुनै पनि राजनीतिक दलसँग आबद्ध नरहेको संस्था हुनुपर्नेछ ।

(२) आयोजक संस्थाको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिका स्तरीय ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप व्यवस्थित एवं मर्यादित रुपमा सञ्चालन गर्ने ।

(ख) प्रतियोगिताका लागि आवश्यक स्रोत, साधन तथा सामग्रीहरु व्यवस्थापन गर्ने ।

(ग) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गरी परिचालन गर्ने ।

(घ) प्रतियोगिताका लागि आवश्यकता अनुसार अन्य निकायहरु तथा व्यक्तिहरुसँग समन्वय गर्ने ।

(ङ) अधिकतम संस्थाहरु सहभागी गराई सफलतापूर्वक कार्यक्रम सम्पन्न गर्ने ।

(च) समितिले दिएको निर्देशनहरु पालन गर्ने, गराउने ।

(छ) समितिसँग आवश्यक समन्वय गरी निर्धारित तालिका अनुसार हुने गरी मिति तथा स्थान तय गरी प्रतियोगिता सुरु हुने मिति भन्दा कम्तीमा एक महिना अगावै प्रतियोगिताको मिति, समय, स्थान र प्रतियोगिता सम्बन्धी तोकीएका नियमहरु अनुसुचि-१ बमोजिमको फारममा आयोजक संस्थाको लेटरप्याडमा राखी सार्वजनिक सूचना तथा पत्रचार मार्फत जानकारी गर्ने गराउने ।

(ज) गाउँपालिकासँग सम्झौता गरी प्रतियोगिताको लागि विनियोजित रकम निकासा गर्ने र सम्झौता बमोजिम खर्च गरी प्रतियोगिता सञ्चालन गर्ने ।

(झ) प्रतियोगिताको लागि आवश्यक पर्ने खेल मैदान, खेलकूद सामग्री, रेफ्री, स्वयं सेवक लगायत आवश्यक व्यवस्था मिलाउने ।

(ञ) प्रतियोगिता सफल पार्न आवश्यक प्रचारप्रसार तथा थप आर्थिक तथा प्राविधिक व्यवस्था गर्ने ।

(ट) प्रतियोगिता सञ्चालनमा भएको आय र व्ययको यथार्थ विवरण सार्वजनिक गरी गाउँपालिकामा पेश गर्ने ।

**५. प्रतियोगिता सञ्चालन प्रक्रिया:**

(१) प्रतियोगितामा सहभागी हुन सम्बन्धित संस्थाले अनुसुची–२ बमोजिमको फाराममा खेलाडीहरुको विवरण भराई तोकीएको समयमा आयोजक समक्ष निवेदन दिनुपर्नेछ ।

(२) प्रतियोगितामा सहभागी हुन सम्बन्धित संस्थाले दिएको निवेदन उपर आयोजक संस्था र समितिले आवश्यक छानविन गरी योग्यता पुगेको संस्थालाई अनुसुचि-३ बमोजिमको अनुमति पत्र प्रदान गर्नुपर्नेछ ।

(३) मौसमको अनुकूलता समेत हेरी आर्थिक वर्षको चैत्रको मसान्त भित्र प्रतियोगिता सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) आयोजक संस्थाले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण तथा प्रतियोगिता सम्बन्धी नियमहरु सहितको जानकारी सार्वजनिक सूचना तथा पत्रचार मार्फत कम्तिमा एक महिना अगावै संस्थाहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) आयोजकले उलब्ध भएसम्म स्थानीय भलिबल रेफ्रीलाई पहिलो प्राथामिकता दिनुपर्नेछ ।

(६) आयोजक संस्थाले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसुची– ४ बमोजिमको ढाँचामा समिति र गाउँपालिकालाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ । समितिले खेलको नतिजा र छनौट भएका खेलाडीहरुको नतिजा र प्रगति विवरण जिल्ला खेलकूद विकास समितिमा समेत पठाउनु पर्नेछ ।

(७) आयोजकले प्रतियोगिताको टाइसिट बनाउँदा समितिको दुई जना प्रतिनिधि, एकजना भलिबल रेफ्री र सकेसम्म सहभागी संस्थाहरुमध्ये बहुमत संस्थाका प्रतिनिधिहरूको रोहवरमा निर्माण गर्नुपर्नेछ ।

(८) आयोजक संस्थाले प्रतियोगिता सञ्चालन गर्न स्थानीयस्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ ।

(९) आयोजक संस्थाले कावुबाहिरको विशेष परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुन साथ पुन: सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी समिति र गाउँपालिकालाई गराउनु पर्नेछ ।

(१०) समितिको बहुमतको निर्णयले आगमी वर्षको आयोजक संस्था तोकी प्रतियोगिता सम्पन्न हुने दिन नया आयोजक संस्थालाई आगमी वर्षको प्रतियोगिता सञ्चालन गर्ने जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

(११) टिम दर्ता गराउँदा प्रथम पुरस्कार राशीको एक प्रतिशत बराबर हुन आउने रकम भन्दा नबढ्ने गरी दर्ता शुल्क संकलन गर्न सक्नेछ । तर आयोजक संस्थाको निर्णय अनुसार दर्ता शुल्क घटाउन वा छुट दिन पनि सकिनेछ ।

(माथि दफा ४ मा जुनसुकै कुरा उल्लेख गरिएतापनि पहिलो वर्षको प्रतियोगिता आयोजनाको मिति स्थान र आयोजक संस्था गाउ कार्यपालिकाको निर्णयले तोक्नेछ)

**६. प्रतियोगिताको पुरस्कार र गोल्ड कप सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**

(१) प्रतियोगिताको पुरस्कार सम्बन्धी व्यवस्था

(क) आयोजक संस्थाले सहभागी संस्था मध्ये प्रथम हुने संस्थालाई नगद रु. पाँच लाख बराबरको गोल्ड कप, द्वितिय हुने संस्थालाई नगद रु. साठी हजार, तृतीय हुने संस्थालाई नगद रु. चालीस हजार र उत्कृष्ट खेलाडीलाई नगद रु. दश हजार सहित मेडल, प्रमाण पत्र र ट्रफीको व्यवस्था गर्नुपर्नेछ साथै उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर र उत्कृष्ट डिफेन्डरलाई मेडल, प्रमाण पत्र र ट्रफीको व्यवस्था र सहभागी सबै संस्थाहरुलाई प्रमाण पत्रको व्यवस्था गर्नुपर्नेछ । तर प्रथम हुने संस्थाले प्राप्त गर्ने नगद पुरस्कारको व्यवस्था दफा ६ (२) मा तोकेबमोजिम हुनेछ ।

(ख) प्रतियोगितामा वितरण गरिने प्रमाण पत्रको विवरण अनुसुचि-५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) प्रतियोगितामा वितरण गरिने पुरस्कार राशी थपघट गर्ने अधिकार कार्यपालिकालाई मात्र हुनेछ ।

(२) प्रतियोगिताको गोल्ड कप सम्बन्धी व्यवस्था:

(क) प्रतियोगिताको प्रथम पुरस्कारको लागि एउटा गोल्ड कपको व्यवस्था हुनेछ । गोल्ड कपको मूल्य गोल्ड कप स्थापना मितिको बजार मूल्य अनुसार पाँच लाख रुपैयाँ हुनेछ ।

(ख) गोल्ड कपको अन्य विवरण अनुसुचि-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) प्रतियोगितामा प्रथम हुने संस्थाले प्रतियोगिता सम्पन्न भएको वर्ष गोल्ड कप मात्र प्राप्त गर्नेछ र सो गोल्ड कप अर्को प्रतियोगिता सञ्चालन नभए सम्म प्रथम हुने संस्थाकै मातहतमा रहनेछ ।

(घ) आयोजक संस्थाले गाउँपालिकाबाट विनियोजन हुने रकम मध्ये पाँच लाख रुपैयाँ प्रतियोगिता सञ्चालन हुनुभन्दा अघिल्लो प्रतियोगितामा प्रथम भएको संस्थाबाट अनुसुचि-७ बमोजिमको भर्पाइ गराई उक्त

संस्थाबाट गोल्ड कप फिर्ता गरेवापत उपलब्ध गराउनु पर्नेछ, गोल्ड कप फिर्ता गरे पश्चात प्राप्त गर्ने रकम नै अघिल्लो प्रतियोगितामा प्रथम हुने संस्थाको पुरस्कार राशी हुनेछ ।

(ङ) प्रतियोगितामा प्रथम हुने संस्थालाई गोल्ड कप हस्तान्तरण गर्दा अनुसुचि-८ बमोजिमको सम्झौता पत्रमा समितिका संयोजक र प्रथम हुने संस्थाका अध्यक्ष वा प्रमुख बीच सम्झौता गरेर मात्र हस्तान्तरण गर्नुपर्नेछ तर गोल्ड कप स्थापना गर्ने वर्षको आयोजक संस्थाको हकमा भने गाउँपालिकाबाट विनियोजित रकम मध्ये पाँच लाख रुपैयाँ अनुसुचि-६ बमोजिमको गोल्ड कप स्थापना गर्न खर्च गर्नुपर्नेछ ।

(च) प्रथम हुने संस्थाले गोल्ड कप उक्त संस्थाको जिम्मेवारीमा राख्न नचाहेमा अर्को प्रतियोगितामा गोल्ड कप बराबरको रकम उपलब्ध गराउने शर्तमा समितिले गोल्ड कपलाई समितिकै जिम्मेवारीमा राख्नुपर्नेछ ।

(माथि जुनसुकै कुरा लेखिएको भए तापनि प्रथम हुने संस्थालाई गोल्ड कप हस्तान्तरण गर्दा एक वर्षको समय सीमा निर्धारण गरेर मात्र हस्तान्तरण गर्नु पर्नेछ । कुनै कारणवश सम्झौता अवधि समाप्त भएपछि पनि अर्को प्रतियोगिता सञ्चालन हुन नसकेमा गाउँपालिकाले गोल्ड कप बराबरको रकम उक्त संस्थालाई उपलब्ध गराई अनुसुचि-७ बमोजिमको भर्पाइ गरी गोल्ड कप फिर्ता लिनुपर्नेछ र त्यस पश्चात प्रतियोगिता सञ्चालन गर्ने संस्थालाई गोल्ड कप बराबरको रकम घटाई गोल्ड कप र बाँकी रकम मात्र भुक्तानी दिइनेछ ।

## परिच्छेद ३

## प्रतियोगितामा भाग लिने संस्था, खेलाडी र खेलका नियम

### ७. प्रतियोगितामा भाग लिने संस्था, खेलाडी र खेलका नियम सम्बन्धी व्यवस्था:

(१) प्रतियोगितामा सहभागिता जनाउने संस्थाको योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

(क) गाउँपालिकाको कुनै क्षेत्रलाई कार्य क्षेत्र बनाई खेलकूदको गतिविधि सञ्चालन गर्ने उद्देश्यले काम गरिरहेको संस्था हुनुपर्नेछ ।

(ख) गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भई गाउँपालिकामा सुचिकृत भएको संस्था हुनुपर्नेछ ।

(ग) वार्षिक रुपमा लेखापरीक्षण र नियमानुसार नवीकरण भएको संस्था हुनुपर्नेछ ।

(घ) कुनै पनि राजनीतिक दलसँग आबद्ध नरहेको संस्था हुनुपर्नेछ ।

(ङ) प्रतियोगितामा भाग लिने संस्थाले एक टिममा एक जना प्रशिक्षक एक जना टिम प्रमुख र बढीमा नौ जना सम्म खेलाडीहरुको विवरण सहितको निवेदन अनुसुचि-२ बमोजिमको ढाँचामा पेश गरी आयोजक संस्थाबाट प्रतियोगितामा भाग लिन अनुसुचि-३ बमोजिम स्विकृति लिएको हुनुपर्नेछ ।

(च) प्रतियोगितामा भाग लिने संस्थाले संस्थाको ब्यानर वा झण्डा र संस्थाको खेलाडीहरु अनिवार्य खेल पोशाकमा उपस्थित गराउनु पर्नेछ

(छ) प्रतियोगितामा सहभागिता जनाउन अनुमतिपत्र प्राप्त संस्थाले अनिवार्य रुपमा प्रतियोगिता सम्बन्धी गाउँपालिका, समिति र आयोजक संस्थाले जारी गरेको नियमहरुको पालना गर्नुपर्नेछ, यसरी जारी गरिएको नियम पालना नगर्ने संस्थाको अनुमतिपत्र समितिको निर्णयले जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

(२) प्रतियोगितामा भाग लिने खेलाडीको योग्यता देहाय बमोजिम हुनु पर्नेछ:

(क) प्रतियोगितामा भाग लिने खेलाडी गाउँपालिकाको स्थानीय नागरिक हुनुपर्नेछ ।

(ख) प्रतियोगितामा भाग लिने खेलाडीले गाउँपालिकाको स्थानीय नागरिक भएको प्रमाण खुल्ने आधिकारीक कागजात नेपाली नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाणपत्र वा बसाईंसराई गरी आएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ग) प्रतियोगितामा भाग लिने खेलाडीहरु मादक पदार्थ तथा धुम्रपान सेवन गरी प्रतियोगितामा भाग लिन पाइने छैन ।

(घ) नैतिक पतन देखिने तथा फौजदारी अभियोग लागेको प्रमाणित भएको वा अदालतबाट सजाय तोकी सजाय भोगिरहेको खेलाडीले प्रतियोगितामा भाग लिन पाइने छैन ।

(ङ) सामान्य प्राथामिक उपचार बाहेक प्रतियोगितामा सहभागी खेलाडीको जिउधनको सुरक्षाको जिम्मेवारी खेलाडी स्वयंको वा सहभागी संस्थाको हुनेछ ।

(च) एउटा वडाको खेलाडी अर्को वडाबाट खेल्न पाइने छैन ।

(छ) दुई वा दुई भन्दा बढी टिमबाट नाम दर्ता गराउने खेलाडीलाई प्रतियोगितामा सहभागी गराइने छैन ।

(ज) प्रतियोगितामा सहभागी खेलाडीको स्थायी ठेगानाको विषयमा कुनै विवाद भएमा नागरिकताको प्रमाण पत्र वा बसाईंसराई प्रमाण पत्र वा जन्म दर्ता प्रमाण पत्र लाई मात्र आधार मानिनेछ ।

**८. प्रतियोगिताका नियमहरु सम्बन्धी व्यवस्था:**

(क) खेल मान्याता प्राप्त रेफ्रीद्वारा अन्तराष्ट्रिय नियम अनुसार खेलाईनु पर्नेछ ।

(ख) कुनै पनि राजनीतिक दल वा तिनको भातृ संगठनलाई प्रतियोगितमा सहभागी गराउन पाइने छैन ।

(ग) गाउँपालिका भित्रको स्थानीय खेलाडीलाई मात्र प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(घ) खेलमा सहभागिता जनाउनको लागि खेलाडीले आफ्नो परिचय खुल्ने नेपाली नागरिकताको प्रमाण प्रत्रको प्रतिलिपी, नागरिकता नबनाएको भए जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र अन्यत्रबाट बसाईंसराई गरी आएको भए बसाईंसराई दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) यदि कसैले झुठ्ठो विवरण पेश गरी प्रतियोगितामा भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने संस्थालाई प्रतियोगितामा सहभागी नगराउने र संस्था तथा संस्थाका प्रमुखलाई आयोजक र समितिले उचित देखेको अनुशासन सम्बन्धी कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(च) खेल मर्यादित र व्यवस्थित बनाउन आयोजक संस्थाले प्रचलित ऐन कानुन तथा यस कार्यविधिको अधीनमा रही थप नियमहरु बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद ४

**९. प्रतियोगिताको निर्णायक मण्डल मूल्याङ्कन र खेलाडी छनौट सम्बन्धी व्यबस्था**

(१) निर्णायक मण्डल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ: प्रतियोगितामा सहभागी खेलाडीहरुको मूल्याङ्कन गरी सिफारिस गर्नको लागि समितिले समितिका सदस्यहरु मध्येबाट निर्णायक मण्डल गठन गर्न सकिनेछ ।

(२) मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) प्रतियोगितामा प्रथम स्थान हासिल गर्नेलाई स्वर्ण, द्वितीय स्थान हासिल गर्नेलाई रजत र तृतीय स्थान हासिल गर्नेलाई कास्य पदकको रुपमा कप, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्नु पर्नेछ ।

(ख) प्रतियोगितामा सहभागी खेलाडी मध्ये निर्णायक मण्डल र प्रतियोगिता सञ्चालन गर्ने रेफ्रीहरुको सिफारिसमा समितिको निर्णयले एक जना उत्कृष्ट खेलाडी छनौट गरी कप, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्नु पर्नेछ ।

(ख) प्रतियोगितामा सहभागी खेलाडी मध्ये निर्णायक मण्डल र प्रतियोगिता सञ्चालन गर्ने रेफ्रीहरुको सिफारिसमा समितिको निर्णयले एक जना उत्कृष्ट स्पाइकर, एक जना उत्कृष्ट सेटर र एक जना उत्कृष्ट डिफेण्डर छनौट गरी कप, मेडल र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(ग) प्रतियोगितामा सहभागी खेलाडी मध्ये दफा ९. (२) (ख) र (ग) बमोजिम छनौट भएका खेलाडीहरु अनिवार्य पर्ने गरी १० जना खेलाडीहरु निर्णायक मण्डल र प्रतियोगिता सञ्चालन गर्ने रेफ्रीहरुको सिफारिसमा समितिको निर्णयले छनौट गरी गाउँपालिकाको त्यस वर्षको भलिबल टिम घोषणा गर्नु पर्नेछ । यसरी छनौट भएका खेलाडीहरुलाई प्रमाण पत्र प्रदान गनु पर्नेछ । गाउँपालिकाको भलिबल टिममा छनौट भएका खेलाडीहरुलाई प्रदान गरिने प्रमाण पत्र अनुसुचि-५ बमोमि हुनेछ ।

## परिच्छेद ५

**बजेट विनियोजन, आर्थिक संकलन र खर्च सम्बन्धी व्यवस्था:**

**१०. रकम विनियोजन गर्नु पर्ने:**

(क) प्रतियोगिता सञ्चालन गर्ने गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा दश लाख रुपैयाँ गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने गरी बजेट विनियोजन गर्नु पर्नेछ ।

(ख) गाउँपालिकाबाट विनियोजित रकम प्रतियोगिता सञ्चालन बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन ।

(ग) गाउँपालिकाबाट विनियोजित रकमको खर्च विवरण चुस्त राखी सो को सार्वजनिक सुनुवाई गरी सक्कलै प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(घ) गाउँपालिकाबाट विनियोजन गरिने रकम थप गर्ने अधिकार गाउँ कार्यपालिकालाई मात्र हुनेछ ।

**११. आर्थिक संकलन गर्न सकिने:**

(क) प्रतियोगिता सञ्चालन गर्न आयोजक संस्थाले अन्य दातृ निकायबाट पनि आर्थिक सहयोग लिन र संकलन गर्न सकिनेछ ।

(ख) प्रतियोगिता सञ्चालनको लागि आयोजक संस्थाले अन्य दातृ निकायबाट संकलन गरिएको रकम प्रतियोगिताको लागि आवश्यक पर्ने खेल मैदान व्यवस्थापन, खेल सामग्री खरीद, बैठक सञ्चालन, प्रचारप्रसार लगायत प्रतियोगितासँग सम्बन्धित कार्यको लागि खर्च गर्न सकिनेछ ।

(ख) प्रतियोगिता सञ्चालनको लागि आयोजक संस्थाले अन्य दातृ निकायबाट संकलन गरिएको रकमको खर्चको विवरण सर्वजानिक गरी सोको विवरण संस्थाको आय व्ययमा उल्लेख गरी संस्थाको लेखा परीक्षणमा समावेश गर्नुपर्नेछ ।

**१२. रकमका खर्च गर्ने सम्बन्धी व्यवस्था:**

(क) प्रतियोगिता सञ्चालनका लागि विनियोजित तथा संकलित बजेट खर्च गर्दा आयोजक संस्थाले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्नेछ, साथै प्रतियोगिता सञ्चालनको लागि विनियोजित बजेट अन्य प्रयोजनको लागि वा यो कार्यविधिमा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन ।

(ख) प्रतियोगिताको लागि विनियोजित बजेट कार्यक्रम सम्बन्धी बैठक, खाजा, प्रचारप्रसार, खेल सामग्री, खेलमैदान मर्मत तथा निर्माण, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घाटन, सञ्चालन, समापन तथा जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ प्रतियोगिताको उद्घाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ ।

## परिच्छेद ६
## विविध

**१३. संक्रमणकालीन व्यवस्थाः** प्रतियोगिता सञ्चालनका क्रममा कुनै समस्या आई परेमा आयोजक संस्था र समितिको सिफारीसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**१४. निरीक्षण तथा अनुगमन**: प्रतियोगिता र प्रतियोगिता सम्बन्धी सम्पूर्ण कार्यहरुको समिति, कार्यपालिका र गाउँपालिकाले निरीक्षण तथा अनुगमन गर्न सकिनेछ ।

**१५. लोगो**: ङिमदोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको लोगो समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

**१६. मस्कट**: ङिमदोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको मस्कट समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

**१७. संस्करण:** ङिमदोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको संस्करण पहिलो वर्षलाई प्रथम संस्करणको रुपमा गणना गरी सोही आधारमा प्रत्येक प्रतियोगिताको संस्करण तोक्नु पर्नेछ ।

**१८. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा समितिको सिफारिसमा अन्तिम निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**१९. कार्यविधिको संशोधन:** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**अनुसुचि-१**

(दफा ४. को उपदफा (४) (छ) सँग सम्बन्धित)

**आयोजक संस्थाले प्रतियोगिता सञ्चालन सम्बन्धी जारी गर्ने सूचना**

**(आयोजक संस्थाको लेटरप्याड)**

मिति...../...../.....

**......औं ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप हुने सम्बन्धी सूचना**

खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रायोजनमा यस .......... (आयोजक संस्थाको नाम) को आयोजनामा ....औं ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप गाउँपालिका व्यापी वडास्तरीय भलिबल प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा आयोजना हुने भएकाले योग्यता पुग्ने संघ संस्था तथा खेलाडीहरुलाई खेलमा सहभागिता जनाउन र सम्पूर्ण खेलप्रेमी महानुभावहरुमा सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

खेल हुने मिति: ...../..../.... गते देखि ...../...../.....गते सम्म

खेल हुने स्थान: खुम्बु पासाङल्हामु गाउँपालिका ....वडा ......टोल .....खेल मैदान

कार्यक्रम उद्घाटन मिति र समय: ....../...../...../ गते .......बजे

प्रतियोगिता सम्बन्धी नियमहरु:

१. खेल मान्यता प्राप्त रेफ्रीहरुबाट अन्तराष्ट्रिय नियम अनुसार खेलाईनेछ ।

२. टिम दर्ता शुल्क रु ........./– लाग्नेछ ।

३. खेलमा सहभागी खेलाडीले खाने बस्ने व्यवस्था आफैले गर्नुपर्नेछ ।

४. मिति ...../..../....गते ....बजे भित्र दर्ता गराई अनुमति पत्र प्राप्त टिमलाई मात्र खेलमा सहभागी गराईनेछ ।

५. "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को दफा ७ मा उल्लेखित योग्यता पुगेका संस्था मार्फत दर्ता भएका टिममा सम्मलित योग्यता पुगेका खेलाडीहरुलाई मात्र खेलमा सहभागी गराईनेछ ।

*"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को दफा ७. मा उल्लेखित प्रतियोगितामा भाग लिने संस्था, खेलाडी र खेलका नियम सम्बन्धी व्यवस्था:*

प्रतियोगितामा सहभागिता जनाउने संस्थाको योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

(क) गाउँपालिकाको कुनै क्षेत्रलाई कार्य क्षेत्र बनाई खेलकूदको गतिविधि सञ्चालन गर्ने उद्देश्यले काम गरिरहेको संस्था हुनुपर्नेछ ।

(ख) गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भई गाउँपालिकामा सुचिकृत भएको संस्था हुनुपर्नेछ ।

(ग) वार्षिक रुपमा नियमानुसार लेखापरीक्षण र नवीकरण भएको संस्था हुनुपर्नेछ ।

(घ) प्रतियोगितामा भाग लिने संस्थाले एक टिममा एक जना प्रशिक्षक एक जना टिम प्रमुख र बढीमा नौ जनासम्म खेलाडीहरुको विवरण सहितको निवेदन तोके बमोजिमको ढाँचामा पेश गरी आयोजक संस्थाबाट प्रतियोगितामा भाग लिन तोके बमोजिम अनुमति पत्र लिएको हुनुपर्नेछ ।

(ङ) प्रतियोगितामा भाग लिने संस्थाले संस्थाको ब्यानर वा झण्डा र संस्थाको खेलाडीहरु अनिवार्य खेल पोशाकमा उपस्थित गराउनु पर्नेछ ।

(च) प्रतियोगितामा सहभागिता जनाउन अनुमतिपत्र प्राप्त संस्थाले अनिवार्य रुपमा प्रतियोगिता सम्बन्धी गाउँपालिका, समिति र आयोजक संस्थाले जारी गरेको नियमहरुको पालना गर्नुपर्नेछ, यसरी जारी गरिएको नियम पालना नगर्ने संस्थाको अनुमतिपत्र समितिको निर्णयले जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

**प्रतियोगितामा भाग लिने खेलाडीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:**

(क) प्रतियोगितामा भाग लिने खेलाडी गाउँपालिकाको स्थानीय नागरिक हुनुपर्नेछ ।

(ख) प्रतियोगितामा भाग लिने खेलाडीले गाउँपालिकाको स्थानीय नागरिक भएको प्रमाण खुल्ने आधिकारिक कागजात नेपाली नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाणपत्र वा बसाईंसराई गरी आएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ग) प्रतियोगितामा भाग लिने खेलाडीहरु मादक पदार्थ तथा धुम्रपान सेवन गरी प्रतियोगितामा भाग लिन पाइने छैन ।

(घ) नैतिक पतन देखिने तथा फौजदारी अभियोग लागेको प्रमाणित भएको वा अदालतबाट सजाय तोकी सजाय भोगीरहेको खेलाडीले प्रतियोगितामा भाग लिन पाइनेछैन ।

(ङ) सामान्य प्राथमिक उपचार बाहेक प्रतियोगितामा सहभागी खेलाडीको जिउधनको सुरक्षाको जिम्मेवारी खेलाडी स्वयंको वा सहभागी संस्थाको हुनेछ ।

(च) एउटा वडाको खेलाडी अर्को वडाबाट खेल्न पाइने छैन ।

(ज) दुई वा दुई भन्दा बढी टिमबाट नाम दर्ता गराउने खेलाडीलाई प्रतियोगितामा सहभागी गराइने छैन ।

(झ) प्रतियोगितामा सहभागी खेलाडीको स्थायी ठेगानाको विषयमा कुनै विवाद भएमा नागरिकताको प्रमाण पत्र वा बसाईंसराई प्रमाण पत्र वा जन्म दर्ता प्रमाण पत्र लाई मात्र आधार मानिनेछ।

**प्रतियोगिताका नियमहरु सम्बन्धी व्यवस्था:**

(क) खेल मान्याता प्राप्त रेफ्रीद्वारा अन्तराष्ट्रिय नियम अनुसार खेलाउनु पर्नेछ ।

(ख) कुनै पनि राजनीतिक दल वा तिनको भातृ संगठनलाई प्रतियोगितमा सहभागी गराउन पाईने छैन ।

(ग) गाउँपालिका भित्रको स्थानीय खेलाडीलाई मात्र प्रतियोगितामा सहभागी गराउनु पर्नेछ ।

(घ) खेलमा सहभागिता जनाउनको लागि खेलाडीले आफ्नो परिचय खुल्ने नेपाली नागरिकताको प्रमाण प्रत्रको प्रतिलिपी नागरिकता नबनाएको भए जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र अन्यत्रबाट बसाईंसराई गरी आएको भए बसाईंसराई दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) यदि कसैले झुठो विवरण पेश गरी प्रतियोगितामा भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने संस्थालाई प्रतियोगितामा सहभागी नगराउने र संस्था तथा संस्थाका प्रमुखलाई आयोजक र समितिले उचित देखेको अनुशासन सम्बन्धी कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(च) खेल मर्यादित र व्यवस्थित बनाउन आयोजक संस्थाले प्रचलित ऐन कानुन तथा यस कार्यविधिलाई आधार मानि थप नियमहरु बनाई लागू गर्न सक्नेछ ।

**पुरस्कारहरु:**

*"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को दफा ६. मा उल्लेखित प्रतियोगिताको पुरस्कार र गोल्ड कप सम्बन्धी व्यवस्था बमोजिमको पुरस्कारहरु प्रदान गरिनेछ ।*

"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को दफा ६. मा उल्लेखित प्रतियोगिताको पुरस्कार र गोल्ड कप सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

**प्रतियोगिताको पुरस्कार सम्बन्धी व्यवस्था**

(क) आयोजक संस्थाले सहभागी संस्था मध्ये प्रथम हुने संस्थालाई नगद रु पाँच लाख बराबरको गोल्ड कप, द्वितिय हुने संस्थालाई नगद रु साठी हजार, तृतीय हुने संस्थालाई नगद रु चालिस हजार र उत्कृष्ट खेलाडीलाई नगद रु दश हजार सहित मेडल, प्रमाण पत्र र ट्रफीको व्यवस्था गर्नेछ साथै उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर र उत्कृष्ट डिफेन्डरलाई मेडल, प्रमाण पत्र र ट्रफीको व्यवस्था र सहभागी सबै संस्थाहरुलाई प्रमाण पत्रको व्यवस्था गर्नेछ । तर प्रथम हुने संस्थाले प्राप्त गर्ने नगद पुरस्कारको व्यवस्था दफा (२) मा तोके बमोजिम हुनेछ

**प्रतियोगिताको गोल्ड कप सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ**

(क) प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने संस्थालाई गोल्ड कपको व्यवस्था हुनेछ, गोल्ड कपको मूल्य गोल्ड कप स्थापना मितिको बजार मूल्य अनुसार पाँच लाख रुपैयाँहुनेछ ।

(ख) गोल्ड कपको अन्य विवरण अनुसुचि-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) प्रतियोगितामा प्रथम हुने संस्थाले प्रतियोगिता सम्पन्न भएको वर्ष गोल्ड कप मात्र प्राप्त गर्नेछ र सो गोल्ड कप अर्को प्रतियोगिता सञ्चालन नभए सम्म प्रथम हुने संस्थाकै मातहतमा रहनेछ ।

(घ) आयोजक संस्थाले गाउँपालिकाबाट विनियोजन हुने रकम मध्ये पाँच लाख रुपैयाँप्रतियोगिता सञ्चालन हुन भन्दा अघिल्लो प्रतियोगितामा प्रथम भएको संस्थाबाट अनुसुचि-७ बमोजिमको भर्पाइ गराई उक्त संस्थाबाट

गोल्ड कप फिर्ता गरेवापत उपलब्ध गराउनु गर्नेछ । गोल्ड कप फिर्ता गरे पश्चात प्राप्त गर्ने रकम नै अघिल्लो प्रतियोगितामा प्रथम हुने संस्थाको पुरस्कार राशी हुनेछ ।

(ङ) प्रतियोगितामा प्रथम हुने संस्थालाई गोल्ड कप हस्तान्तरण गर्दा समितिका संयोजक र प्रथम हुने संस्थाका अध्यक्ष वा प्रमुख बीच सम्झौता गरेर मात्र हस्तान्तरण गर्नेछ ।

(च) प्रथम हुने संस्थाले गोल्ड कप उक्त संस्थाको जिम्मेवारीमा राख्न नचाहेमा अर्को प्रतियोगितामा गोल्ड कप बराबरको रकम उपलब्ध गराउने शर्तमा समितिले सम्झौता गरी गोल्ड कपलाई समितिकै जिम्मेवारीमा राख्नेछ ।

(माथि अन्यन्त्र जुनसुकै कुरा लेखे तापनि प्रथम हुने संस्थालाई गोल्ड कप हस्तान्तरण गर्दा एक वर्षको समय सीमा निर्धारण गरेर मात्र हस्तान्तरण गर्नेछ कुनै कारणवश सम्झौता अवधि समाप्त भएपछि पनि अर्को प्रतियोगिता सञ्चालन हुन नसकेमा गाउँपालिकाले गोल्ड कप बराबरको रकम उक्त संस्थालाई उपलब्ध गराई भर्पाइ गरी गोल्ड कप फिर्ता लिनेछ ।

आयोजक संस्थाको अध्यक्षको नाम आयोजक संस्थाको छाप:

हस्ताक्षर: .......

मिति: ........

सम्पर्क नं. ......

थप जानकारीको लागि

१. नाम .......
   सम्पर्क नं. ......

२. नाम .......
   सम्पर्क नं. ......

३. नाम .......
   सम्पर्क नं. ......

**अनुसुचि-२**

(दफा ५. को उपदफा (१) सँग सम्बन्धित)

सहभागी संस्थाले प्रतियोगितामा सहभागिता जनाउन आयोजक संस्था समक्ष दिनुपर्ने निवेदनको ढाँचा

सहभागिता जनाउने संस्थाको लेटरप्याड

मिति: ...../...../......

श्री.............ज्यू
आयोजक संस्थाको नाम
आयोजक संस्थाका ठेगाना

विषय: टिम दर्ता गरी अनुमति पत्र पाउँ ।

.....औ ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगितामा सहभागिता जनाउन यस संस्था र संस्थाबाट सहभागिता जनाउने तपसिलमा उल्लेखित विवरण भएका खेलाडीहरुको योग्यता पुग्ने भएकोले यस संस्थाबाट सहभागी हुने टिम दर्ता गरी प्रतियोगितामा सहभागिता जनाउन अनुमति पत्र पाँउ भनी यो निवेदन पेश गर्दछौं।

तपसिल

| **क्र.सं.** | **खेलाडीको नाम** | **खेलाडीको ठेगाना** | **खेलाडीको परिचय पत्रको किसिम** | **कैफियत** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |

**टिम प्रमुख**
नाम:
हस्ताक्षर:
सम्पर्क नं.:

**टिम प्रशिक्षक**
नाम:
हस्ताक्षर:
सम्पर्क नं.:

**निवेदक**
नाम:
पद:
हस्ताक्षर:
सम्पर्क नं.:

**अनुसुचि-३**
(दफा ५. को उपदफा (२) सँग सम्बन्धित)

सहभागी संस्थालाई प्रतियोगितामा सहभागिता जनाउन आयोजक संस्थाले प्रदान गर्ने अनुमतिपत्रको ढाँचा

श्री ..........(संस्थाको नाम)
(संस्थाको ठेगाना)

विषय: अनुमति पत्र प्रदान गरिएको बारे ।

...... औ ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगितामा सहभागिता जनाउनको लागि त्यस संस्थाले दिएको निवेदन उपर छानविन गर्दा त्यस संस्था र संस्थाबाट सहभागी जनाउने खेलाडीको योग्यता पुगेको हुँदा आयोजक संस्थाले जारी गरेको र "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" मा उल्लेखित नियम भित्र रही प्रतियोगितामा सहभागिता जनाउनको लागि त्यस संस्थालाइ यो अनुमति पत्र प्रदान गरिएको छ ।

**आयोजक संस्थाको तर्फबाट**
नाम: ..................
पद: ....................
हस्ताक्षर: ............
मिति: ................

**समितिको तर्फबाट**
नाम: ................
पद: .................
हस्ताक्षर: ...........
मिति: .............

**अनुसुचि-४**

(दफा ५. को उपदफा (६) सँग सम्बन्धित)

**आयोजक संस्थाको प्रगति प्रतिवेदन पत्रको ढाँचा**

**आर्थिक प्रतिवेदन:**

**आय तर्फ**

| **क्र.स.** | **विवरण** | **नगद** | **जिन्सी** | **कैफियत** |
|---|---|---|---|---|
| १. | गाउँपालिकाबाट प्राप्त | | | |
| २. | अन्य संस्थाबाट प्राप्त (संस्थाको नाम) | | | |
| ३. | सहयोग संकलनबाट प्राप्त | | | |
| ४. | अन्य | | | |
| जम्मा | | | | |

**खर्च तर्फ:**

| **क्र.स.** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | गोल्ड कप | | |
| २. | पुरस्कार नगद | | |
| ३. | पुरस्कार कप, मेडल, प्रमाण पत्र | | |
| ४. | खेल मैदान व्यवस्थापन | | |
| ५. | रेफ्रि ज्याला | | |
| ६. | प्रचारप्रसार | | |
| ७. | अतिथि सत्कार | | |
| ८. | बैठक खर्च | | |
| ९. | खेल सामग्री खरीद | | |
| १०. | ...................... | | |
| ११. | ...................... | | |
| जम्मा | | | |

**कार्यक्रम सम्पन्न प्रतिवेदन:**

१. कार्यक्रम भएको मिति: ........... देखि ........ सम्म

२. कूल सहभागी टिम: ........

३. कूल सहभागी खेलाडी संख्या: पुरुष ....... जना, महिला ......... जना

४. कूल सहभागी अतिथि संख्या: पुरुष ....... जना, महिला ......... जना

५. कूल सहभागी दर्शक संख्या: पुरुष ........ जना, महिला ......... जना

६. कार्यक्रको उपलब्धिहरु:

क० ........................................................................

ख० ........................................................................

ग० ........................................................................

७। कार्यक्रमका चुनौतिहरु:

क० ........................................................................

ख० ........................................................................

ग० ........................................................................

**८। गाउँपालिका टिममा छनौट भएका खेलाडीहरुको विवरण:**

| **क्र.स.** | **खेलाडीको नाम** | **खेलाडीको ठेगाना** | **सहभागिता जनाएको संस्थाको नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

कार्यक्रमका फोटोहरु: कार्यक्रमको फोटोहरु प्रगति प्रतिवेदनको साथमा अनिवार्य रुपमा संलग्न गराउनु पर्नेछ ।

| कोषाध्यक्ष | सचिव | अध्यक्ष |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: | मिति: |

**अनुसुचि-५**

**(दफा ६. को उपदफा (१) सँग सम्बन्धित)**

**प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडीलाई वितरण गरिने प्रमाण पत्रको ढाँचा**

आयोजक संस्थाको लोगो

# आयोजक संस्थाको नाम

ठेगाना

प्रमाणपत्र

खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रायोजन तथा ..... संस्थाको आयोजनामा ....औं **"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्डकप"** गाउँपालिकाव्यापी वडा स्तरीय भलिबल प्रतियोगितामा .................. संस्थाबाट सहभागिता जनाउनु भई ........ स्थान हासिल गर्न सफल हुनु भएकोमा तपाईं श्री ................ लाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| ............ | .............................. | .................... |
|---|---|---|
| अध्यक्ष | गाउँपालिका अध्यक्ष | प्रमुख अतिथि |

मिति:

सहभागी संस्थालाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

आयोजक
संस्थाको लोगो

# आयोजक संस्थाको नाम

ठेगाना

## प्रमाणपत्र

खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रायोजन तथा ..... संस्थाको आयोजनामा ....औं **"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्डकप"** गाउँपालिकाव्यापी वडा स्तरीय भलिबल प्रतियोगितामा .................. संस्थाबाट सहभागिता जनाउनु भएकोमा स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ............ | .............................. | .................... |
| अध्यक्ष | गाउँपालिका अध्यक्ष | प्रमुख अतिथि |

मिति:

उत्कृष्ट खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा
(अन्य विधाका उत्कृष्ट खेलाडीलाई समेत यसै ढाँचामा प्रमाण पत्र प्रदान गर्न सकिने)

आयोजक
संस्थाको लोगो

# आयोजक संस्थाको नाम

ठेगाना

प्रमाणपत्र

खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रायोजन तथा ..... संस्थाको आयोजनामा ....औं **"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्डकप"** गाउँपालिकाव्यापी वडा स्तरीय भलिबल प्रतियोगितामा .................. संस्थाबाट सहभागिता जनाउनु भई उत्कृष्ट खेलाडी हुनु भएकोमा स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ । भलिबल खेलमा यहाँको व्यवसायिकता एवं उज्वल भविष्यको कामना समेत गर्दछौं ।

| ............ | ............................... | ..................... |
| --- | --- | --- |
| अध्यक्ष | गाउँपालिका अध्यक्ष | प्रमुख अतिथि |

मिति:

आयोजक
संस्थाको लोगो

# आयोजक संस्थाको नाम

ठेगाना

प्रमाणपत्र

खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रायोजन..... संस्थाको आयोजनामा ....औं **"ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्डकप"** गाउँपालिकाव्यापी वडा स्तरीय भलिबल प्रतियोगितामा .................. संस्थाबाट सहभागिता जनाउनु भई उत्कृष्ट स्पाइकर/उत्कृष्ट सेटर/उत्कृष्ट डिफेन्डर हुनु भएकोमा सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ । भलिबल खेलमा यहाँको व्यवासायिकता एवं उज्जवल भविष्यको कामना समेत गर्दछौं ।

| | | |
|---|---|---|
| ............ | ................................ | ..................... |
| अध्यक्ष | गाउँपालिका अध्यक्ष | प्रमुख अतिथि |

मिति:

**अनुसुचि-६**
**(दफा ६. को उपदफा (२) (ख) सँग सम्बन्धित)**

## गोल्ड कपको विवरण

गोल्ड कपको आकार: गोल्ड कप स्तुपा आकारको हुनेछ जसलाई काठ र सिसाबाट बनेको चाबी लगाउन मिल्ने गरी बनाईएको बाकसमा राखिनेछ ।
गोल्ड कपको लम्बाई: ८ इन्च
गोल्ड कपको चौडाई: ८ इन्च
गोल्ड कपको उचाई: २२ इन्च

गोल्ड कपमा जडित दातुहरु:
स्तुपाको शिर (गजुर): ३.४०५ तोला सुन सिंगै ढिक्का
स्तुपाको बाँसी खण्ड तामाबाट निर्मित
स्तुपाको बाँसी खण्ड सुनको जलप: ९.५ लाल

## अनुसुचि-७
**(दफा ६. को उपदफा (२) (घ) सँग सम्बन्धित)**

### गोल्ड कप फिर्ता लिन गरिने भर्पाईँको नमूना

भर्पाइ दादै आगे सोलुखुम्बु जिल्ला खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ....... मा रहेको ....औ ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको विजेता ....................... संस्थाबाट "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को अनुसुचि-६ मा उल्लेखित बमोजिमको गोल्ड कप फिर्ता लिई गोल्ड कप हस्तान्तरण सम्झौता भङ्ग गरी गोल्ड कप वापत "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को दफा ६. उपदफा (२) (घ) मा उल्लेख भए बमोजिम प्राप्त गर्ने रकम भुक्तानी लिई/दिई यो भर्पाईँमा सहीछाप गरिदियौं । इति संवत .......... साल........गते ......रोज शुभम ।

| **विजेता संस्थाको अध्यक्ष** | **आयोजक संस्थाको अध्यक्ष** | **समितिको अध्यक्ष** |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: | मिति: |

## अनुसुचि-८
(दफा ६. को उपदफा (२) (घ) सँग सम्बन्धित)

### गोल्ड कप हस्तान्तरण गर्न गरिने सम्झौता पत्रको नमूना

सोलुखुम्बु जिल्ला खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ....... मा रहेको ....औ ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप भलिबल प्रतियोगिताको विजेता ........................ संस्था (जसलाई यसपछि विजेता संस्था भनिने छ) र ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप व्यवस्थापन तथा निर्देशन समिति (जसलाई यस पछि समिति भनिने) बीच तपसिलका शर्तहरुको पूर्ण रुपमा पालना गर्ने गरी यो लिखित सम्झौता गरिएको छ ।

**तपसिल:**

१. यो सम्झौता विजेता संस्था र समितिका अध्यक्षले हस्ताक्षर गरेको मित देखि लागू हुनेछ । सम्झौताको अवधि सम्झौता लागू भएको मितिले एक वर्षको हुनेछ ।

२. समितिले "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को अनुसुचि-६ मा उल्लेख भए बमोजिमको गोल्ड कप विजेता संस्थालाइ प्रथम पुरस्कारको रुपमा हस्तान्तरण गर्नु पर्नेछ ।

३. सम्झौता भंग नभएसम्म "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को अनुसुचि-६ मा उल्लेख भए बमोजिमको गोल्ड कपको संरक्षणको सम्पूर्ण जिम्मेवारी विजेता संस्थाको हुनेछ ।

४. यो सम्झौता समाप्त भए पश्चात विजेता संस्थाले "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को अनुसुचि-६ मा उल्लेखि भए बमोजिमको गोल्ड कप समितिलाई फिर्ता गर्नुपर्नेछ । गोल्ड कप फिर्ता गरे वापत समितिले विजेता संस्थालाई "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को दफा ६. उपदफा (२) (घ) मा उल्लेख भए बमोजिम प्राप्त गर्ने रकम भुक्तानी दिनुपर्नेछ र उक्त रकम नै विजेता संस्थाको प्रथम पुरस्कार हुनेछ ।

५. विजेता संस्थाले जुनसुकै बेला गोल्ड कप समितिलाइ फिर्ता गर्न सकिनेछ तर सम्झौताको दफा ४. बमोजिम समितिबाट प्राप्त गर्ने रकम भने सम्झौता समाप्त भएको मितिमा मात्र प्राप्त गर्नेछ ।

६. समितिले जुनसुकै बेला विजेता संस्थासँग सम्झौताको दफा ४. मा उल्लेख भए बमोजिमको रकम भुक्तानी गरी यो सम्झौता भङ्ग गरी गोल्ड कप फिर्ता लिन सकिने छ ।

७. विजेता संस्थाले गोल्ड कप फिर्ता गर्दा "ङिम दोर्जी शेर्पा स्मृति रनिङ गोल्ड कप सञ्चालन कार्यविधि, २०७९" को अनुसुचि-६ मा उल्लेखित भए बमोजिमको गोल्ड कपको संरक्षण नगरि गोल्ड कप टुट फुट भएको पाएमा, हराएमा, गोल्ड कप साटिएको पाएमा, गोल्ड कपको कुनै पनि भाग अपुग वा साटिएको पाइएमा वा गोल्ड कप फिर्ता लिन नसकिने मनासिब कारण देखिएमा सम्झौताको दफा ४. मा उल्लेख भए बमोजिमको रकम भुक्तानी दिन समिति बाध्य हुने छैन ।

८. यो सम्झौताको कुनैपनि शर्तहरु उल्लंघन भएमा प्रचलित कानुन बमेजिम कारवाही हुनेछ ।

९. यो सम्झौतामा लेखिएको शर्त यसै बमोजिम र अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| **विजेता संस्थाको अध्यक्ष** | **समितिको अध्यक्ष** |
| नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: |
| संस्थाको छाप: | संस्थाको छाप: |

**साक्षीहरु:**

१. ..........................................

२. ..........................................

३ ..........................................

इति संवत ...... साल ....... गते ..... रोज शुभम ।